जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ८० • २०८२ पुस २७ गते आईतवार • 11 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## साहित्यिक-सांस्कृतिक प्रतिष्ठानद्वारा आफ्नो ७६औं शृङ्खला सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ पुस**

बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानले शनिवार, २०८२ पुस २६ गते आफ्नो ७६औं शृङ्खला सम्पन्न गर्दै कवयित्री जमुना पोखरेलको सिर्जना कृति ‘शान्तिको दीप’ माथि विशेष विमर्श गरेको छ।



कार्यक्रम प्रतिष्ठानकी अध्यक्ष यशोदा श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव पवन कुमार वाग्लेले गरेका थिए। प्रतिष्ठानकी कोषाध्यक्ष विमला विश्वकर्माले उपस्थित अतिथिहरूलाई स्वागत मन्तव्य राखेकी थिइन्। कार्यक्रममा रचना वाचन र शुभकामना मन्तव्य व्यक्त गर्ने प्रमुख अतिथिहरूमा मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपिराज दहाल, गौरीशंकर मिथिला वाङ्मय प्रतिष्ठानका अध्यक्ष प्रेम घिमिरे, बुढ्यौली साहित्य समाज धनुषाका अध्यक्ष नानीराम दहाल, कमला साहित्य समाज धनुषाका अध्यक्ष गणेश तिमल्सिना ’गति’, बर्दिबास नेवा समाजका अध्यक्ष धन नारायण श्रेष्ठ रहेका थिए। साहित्य प्रेमी तथा अन्य अतिथिहरूमा सरिता ढुङ्गाना, जनता बहुमुखी क्याम्पस व्यावस्थापन समिति सदस्य हेमसागर वाग्ले, बुढ्यौली साहित्य समाज मधेश प्रदेश समितिका सचिव तथा प्रगतिशील लेखक सङ्घ नेपाल महोत्तरी अध्यक्ष रामचन्द्र पौडेल सहभागी थिए।

कार्यक्रममा कवयित्री सानीमाया पुलामीले ‘शान्तिको दीप’ कृतिको समालोचनात्मक चर्चा गर्दै समाजका विभिन्न सामाजिक, आर्थिक र व्यवहारिक पक्षलाई समेटेको यस कृति अत्यन्तै मार्मिक र हृदयस्पर्शी रहेको बताइन्। उनले कवयित्री पोखरेलका अन्य कृतिहरू पनि प्रकाशित होउन् भन्ने शुभकामना व्यक्त गरिन्। कार्यक्रममा विभिन्न लयका कविता, गीत र गजल वाचन गरिएका थिए। वाचनमा सहभागीहरूमा जीवनस्पर्शी, रुद्र आचार्य, सुदर्शन भट्टराई, अम्बिका दाहाल, जनक पौडेल, रमा शर्मा ढकाल, सुभद्रा भुजेल, निर प्रसाद शर्मा, शर्मिला पोखरेल, कुशल अधिकारी, दिनेश पौडेल, मन्जिता लाखे रहेका थिए। प्रगतिशील लेखक सङ्घ नेपाल मधेश प्रदेश अध्यक्ष नारायण घिमिरेले कार्यक्रममा बोल्दै प्रतिष्ठानले बर्दिबासका विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनुरुप यहाँ आइपुगेको र यो सराहनीय कार्य भएको बताए। उनले ७५औं शृङ्खलासम्म पूर्व समितिले भव्य रूपमा कार्यक्रम सञ्चालन गरेकोमा धन्यवाद ज्ञापन गर्दै नयाँ समितिलाई सफल कार्यकालको शुभकामना दिए।

कवयित्री जमुना पोखरेलले आफ्नो कृति प्रतिष्ठानमा विमर्श गरिएकोमा धन्यवाद व्यक्त गर्दै आफ्नो कृतिको समालोचनात्मक समीक्षा गर्न आग्रह गरेकी थिइन्। उनले आफ्नो पहिलो गीती एल्वम ‘ए चेली नजाउन खाडीमा’ समेत यही प्रतिष्ठानले २०७६ साल साउन २ गते विमोचन गरेको कुरा स्मरण गराइन्।

## ५१३ जना नागरिक औपचारिक रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ पुस**

महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा विभिन्न राजनीतिक दल परित्याग गरी ५१३ जना नागरिक औपचारिक रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

कार्यक्रममा नवप्रवेशी वक्ताहरूले काङ्ग्रेस, एमाले तथा नेकपा जस्ता पुराना पार्टीहरूले जनताको पक्षमा काम गर्न नसकेको, भ्रष्टाचार मौलाएको, कानुनको धज्जी उडाइएको र रोजगारीको सुनिश्चितता गर्न असफल भएकाले आफूहरू नयाँ राजनीतिक विकल्पको खोजीमा रास्वपा प्रवेश गरेको बताएका थिए। नवप्रवेशीहरूका अनुसार नयाँ सोच, इमानदार राजनीति र जनताको पक्षमा उभिने स्पष्ट एजेन्डा बोकेको पार्टी भएकाले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति आकर्षण बढेको हो। उनीहरूले अबको राजनीति सेवा, सुशासन र पारदर्शितामा आधारित हुनुपर्नेमा जोड दिएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी गौशाला नगर कमिटीको तर्फबाट नवप्रवेशी सबैलाई हार्दिक स्वागत गर्दै सफल राजनीतिक यात्राको शुभकामना व्यक्त गरिएको छ। पार्टीका स्थानीय नेताहरूले ५१३ जनाको एकैपटक सहभागिताले संगठनलाई थप सशक्त बनाएको बताएका छन्।

कार्यक्रममा बोल्दै नेताहरूले अब सबै मिलेर गौशाला नगरमा सुशासन, पारदर्शिता र विकासको नयाँ अध्याय सुरु गर्ने प्रतिबद्धता व्यक्त गरे। परिवर्तनको यो यात्रामा नवप्रवेशी सदस्यहरूको भूमिका महत्वपूर्ण रहने पनि उनीहरूको भनाइ थियो। उक्त प्रवेश कार्यक्रम नगर सभा ज्ञानेन्द्र गुप्ताको सभापतित्वमा सम्पन्न भएको थियो।

## जमुना पोखरेल र स्रष्टा गणेश तिमलसिना ’गति’ सँग विशेष साहित्यिक संवाद

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ पुस**

ओमकार टेलिभिजनको चर्चित कार्यक्रम ‘पञ्चामृत’ मा हालै महोत्तरी बर्दिवासकी साहित्यकार तथा गायिका जमुना पोखरेल र धनुषाका स्रष्टा गणेश तिमलसिना ’गति’ सँग विशेष साहित्यिक संवाद सम्पन्न भएको छ।




कार्यक्रम प्रस्तोता जीवनराज दाहालसँगको कुराकानीमा दुवै सर्जकले आफ्ना नयाँ कृति, सिर्जनात्मक संघर्ष र समाजप्रतिको जिम्मेवारीबारे धारणा राखेका छन्। धनुषाका गणेश तिमलसिना ’गति’ ले हालै ‘मनोगति’ शीर्षकको मुक्तक सङ्ग्रह बजारमा ल्याएका छन्। पेशाले शिक्षकसमेत रहेका तिमलसिनाको यस कृतिमा ३३६ वटा मुक्तक समेटिएका छन्, जसमा राजनीतिक चेतना, सामाजिक विकृति, आर्थिक असमानता, शैक्षिक चुनौती र वैदेशिक रोजगारीको पीडालाई संक्षिप्त तर प्रभावकारी ढंगले प्रस्तुत गरिएको छ। करिब पाँच वर्षको अवधिमा सिर्जना गरिएका झण्डै एक हजार मुक्तकमध्ये छनोट गरी ‘मनोगति’ तयार पारिएको हो।

कमला साहित्य कला समाज, धनुषाका अध्यक्षसमेत रहेका तिमलसिनाले स्थानीय तहमा साहित्यिक गतिविधि अभाव देखिएपछि नयाँ प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त संस्था स्थापना गरेको बताए। उनले ‘मनोगति’ पुस्तक बिक्रीबाट प्राप्त रकम व्यक्तिगत लाभका लागि नभई संस्थाको विकास तथा उदयमान सर्जकहरूको सहयोगमा खर्च गरिने जानकारी दिएका छन्। यसै कार्यक्रममा बर्दिवासकी लेखिका तथा गायिका जमुना पोखरेलले आफ्नो नयाँ कविता सङ्ग्रह ‘शान्तिको दीप’ को चर्चा गरिन्।

उनले साहित्य र संगीत दुवै माध्यमबाट समाजका संवेदनशील विषय उठाउँदै आएकी छिन्। ‘ए चेली नजाउन खाडीमा’ लगायतका चर्चित एल्बममार्फत सामाजिक सन्देश दिँदै आएकी पोखरेलका कविताहरूमा आमाको ममता, वैदेशिक रोजगारीमा गएका सन्तानको पीडा, महिला जीवनका संघर्ष र सामाजिक यथार्थ स्पष्ट रूपमा अभिव्यक्त भएका छन्।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखर आवाज
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# भोकमरीलाई अन्त गर

*'समृद्ध नेपाल, सुखी नेपाली ।' कति मिठो छ यो नारा । तर नाराले मात्रै देश समृद्ध बनेन र नेपाली सुखी पनि भएन । किनभने सुख र समृद्धि ल्याउने काम कुनै सरकारले गर्नै सकेन । कुनै नेताहरूले त्यो समृद्धि र सुख आउने काम गर्नै चाहेन । व्यक्तिगत र दलगत स्वार्थले परिचालित हुँदै आएको नेतृत्व र उस्तै कर्मचारीतन्त्रले गर्दा देशमा भ्रष्टाचार र कुशासनले प्रश्रय पाउँदै आयो । समृद्धिका नीति, कार्यक्रम र योजनाहरू कागजी दस्तावेज, सरकारी उच्च पदस्थहरूको भाषण र नेताहरूको आश्वासनमै सीमित रहँदै आयो । अनि झन्डै एक चौथाइ जनताले भोग्नुपर्‍यो, चरम गरिबी र अभाव । अनि त्यही गरिबी र अभावले दिएको पीडा सहेर बाँच्नुपर्‍यो, गरिब जनताले ।*

*जनता गरिबी र अभावमा बाँचिरहेको छ । भोकमरी खेपिरहेको छ । तथ्यांकले देश गम्भीर भोकमरीको स्थितिबाट मध्यम भोकमरीको स्थितिमा पुगेको देखाए पनि भोकमरी त भोकमरी नै रहेको छ । भोकमरी अन्त्यका योजना र कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेर राज्यसत्ता चाहिँ विकासको मृगतृष्णा साँचेर ठूल्ठूला भौतिक पूर्वाधार निर्माणमा जुटेका छन । ठूलो परिमाणमा विदेशी ऋण र दान ल्याएर भौतिक संरचना निर्माणमा खन्याइरहेको छ र तिनै भोकमरी पीडित जनताको टाउकोमा ऋणको भारी बोकाइरहेका छन । पहिला जनतालाई गरिबी, अभाव र भोकमरीबाट मुक्त गर्ने कि ठूल्ठूला भौतिक संरचना निर्माण गरेर विकासको साक्षी उभ्याउने ? भोकमरीबाट पीडित जनताका ख्याउटे र मलिन अनुहारमा विकास प्रतिविम्बित भएको हेर्ने राज्यसत्ताको सपना जायज हो कि नाजायज ? विकास पहिला कि गरिबी र भोकमरी अन्त्य पहिला ? अब राज्यसत्ताले पहिला यी दुई कुरामा प्राथमिकता निर्धारण गर्न आवश्यक रहेको देखिन्छ ।*

# पर्यटकहरु अपेक्षाकृत उल्लेख्य रुपमा नरहेकाले नेपाल-भारतको चासो

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ पुस**

धार्मिक, सांस्कृतिक, पर्यटनीय क्षेत्रको प्रचुर सम्भावना रहे पनि यसको प्रचारप्रसारको अभावका कारण मधेश प्रदेश, कोशी प्रदेश लगायतका क्षेत्रमा पर्यटकहरु अपेक्षाकृत उल्लेख्य रुपमा नरहेकाले यसको प्रचारप्रसार नेपाल-भारततर्फका सरोकारवालले चासो लिएका छन् ।

धार्मिक, सांस्कृतिक महत्व रहे पनि उल्लेख्य रुपमा पर्यटकलाई बुझाउने गरी यसको जानकारी हुन नसक्दा पर्यटकहरु अन्योलमा पर्ने गरेकाले ट्राभल्स टुर्स र होटेल व्यवसायीहरुसँगै मधेश प्रदेश र कोशी प्रदेश सरकारले आ-आफ्नो क्षेत्रको यथेष्ट




जानकारीसहितका लागि मेलाको आयोजना गरिएको छ । बंगाल ट्राभल मार्टस्, नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा पर्यटन प्रवर्द्धन विषयक तीन दिवसीय पर्यटन मेला भारतको पश्चिम बंगालस्थित सिलिगुढीमा शुक्रबारदेखि शुरु भएको छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश, कोशी प्रदेश सरकार र होटेल एशोसिएसन अफ नेपाल मधेश प्रदेशको संयुक्त तत्वावधानमा मधेश प्रदेशबाट पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेको नेतृत्वमा होटेल एशोसिएसन नेपाल मधेश प्रदेशका अध्यक्ष हिरा गौतम, अञ्जनी स्वीट्सका प्रतिनिधिलगायतका होटेल व्यवसायीहरुको सहभागिता रहेको छ । तीन दिनसम्म चल्ने उक्त मेलामा भारत र नेपालको पर्यटन प्रवर्द्धनका लागि सहकार्य गर्ने उद्देश्यले दुई देशका पर्यटन व्यवसायीहरु छलफल समेत गरेका छन् ।

मधेश प्रदेशबाट सांस्कृतिक धार्मिक परम्परागत भोजनको प्रवर्द्धन गर्दा मधेश प्रदेशमा पर्यटकहरुको आकर्षण बढ्ने सचिव घिमिरेले बताए ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# झडपमा परि दुबै तर्फ गरी एक दर्जन व्यक्ति घाइते



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ पुस**

धनुषाको महेन्द्रनगर नजिकै रहेको सतलोक आश्रमले ऐलानी जग्गा हड्पेको भन्दै जग्गा खाली गराउन गएका स्थानीय र आश्रमका व्यक्ति बिच विवाद भएर भएको झडपमा परि दुबै तर्फ गरी एक दर्जन व्यक्ति घाइते भएका छन् । धनुषाको मिथिला नगरपालिका २ नक्टाझिज सुजोरमा रहेका सतलोक आश्रमले अनाधिकृत रुपमा ऐलानी जग्गा हड्पेको विषयमा स्थानीय सँग विवाद भएको हुँदै आएको छ ।

जग्गा खाली गराउन गएका स्थानीय र आश्रमका व्यक्ति बीच विवाद हुँदा स्थानीयहरुले अहिले जनकपुर ढल्केबर सडक खण्डको महेनद्रनगर औरही पुलमा सडक अवरुद्ध गर्दै नारावाजी गरिरहेको छ । आश्रमका अनुयायीहरुले स्थानीयहरुलाई लखेट्दै कुटपिट गरेपछि स्थानीयहरुको समूह एकजुट भई आएर दुई तर्फ झडप भएको हो । घाइतेहरुलाई स्थानिय प्रशासनको सहयोगमा उपचारको लागि जानकी मेडिकल र प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ भने थप विवरण आउन बाँकी रहेको छ ।

## तपाईंको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक चिन्ता
कुम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इजरायलको हवाई आक्रमणमा हमासका दुई वरिष्ठ सदस्य मारिएको दाबी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ पुस**



इजरायल डिफेन्स फोर्सेसले शुक्रबार जनाएअनुसार बिहीबारको हवाई आक्रमणमा हमासका दुई वरिष्ठ सदस्य मारिएका छन् । गाजाका स्वास्थ्य अधिकारीहरूले पछिल्लो २४ घण्टामा उक्त क्षेत्रमा १४ जनाको मृत्यु भएको रिपोर्ट गरेका छन् ।

सेनाले हमासको एन्टी-ट्यांक मिसाइल युनिटका प्रमुख भनेर चिनिने कमल अब्द अल-रहमान मुहम्मद अवादलाई मारेको छ । सेनाले हमासको हतियार निर्माण विभागका प्रमुख व्यक्तित्व भनिएका अहमद थाबेटको मृत्यु भएको पनि जनाएको छ ।

सेनाले जनाएअनुसार इजरायली सेना परिचालित गाजा सहरको एक क्षेत्रतर्फ बिहिवार गाजाबाट असफल रकेट प्रक्षेपण गरिएपछि यी आक्रमणहरू गरिएका हुन् । आधिकारिक प्यालेस्टाइनी समाचार एजेन्सीले अवादको मृत्युको पुष्टि गरे पनि उनलाई सर्वसाधारण नागरिकको रूपमा चित्रण गरेको छ ।

उत्तरी गाजामा रहेको कमान्ड-एन्ड-कन्ट्रोल कम्पाउन्डलाई पनि निशाना बनाएको रिपोर्ट गरेको छ । जसमा हतियार भण्डारण गर्न र आक्रमणको योजना बनाउन उक्त स्थान प्रयोग गरिरहेका चार लडाकु मारिएका छन् । हमासले विशिष्ट मृत्युबारे आधिकारिक रूपमा टिप्पणी गरेको छैन । तर प्रवक्ता हाजेम कासिमले यी आक्रमणहरूले इजरायली कब्जाले युद्धविरामप्रतिको आफ्नो प्रतिबद्धता त्यागेको पुष्टि गर्दछ । गाजा स्वास्थ्य प्राधिकरणले पछिल्लो दिनमा इजरायली आक्रमणमा पाँच बालबालिका सहित १४ प्यालेस्टाइनी मारिएको र १७ जना घाइते भएको बताएको छ ।

अधिकारीहरूले केही पीडितहरू भग्नावशेषमुनि वा उद्धार टोलीको पहुँच नभएका क्षेत्रमा फसेको उल्लेख गरेका छन् ।

# ‘मिरमिरे’ मा बुवा र छोरीको मार्मिक कथा छ : दयाहाङ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ पुस**



अभिनेता दयाहाङ राईले फिल्म ‘मिरमिरे’ बुवा र छोरीको कथामा निर्माण भएको बताएका छन् । फिल्ममा सन्तानप्रति अभिभावकले देखेको भविष्यको कथा समेत देख्न मिल्ने उनको भनाइ थियो ।

‘छोरीसँग आफ्नो मुख्य कुरा लुकाएर बुवाले छोरीका अगाडि देखाएको खुसी फिल्मले भन्छ’ दयाहाङले भने- ‘यो इमोसनलाई भित्रैबाट कसरी देखाउन सकिन्छ भन्नेमा आफू र फिल्म केन्द्रित छ ।’ झट्ट हेर्दा बाबु र छोरीको कथा देखिए पनि गहिरिएर हेर्दा ‘मिरमिरे’ मा धेरै कुरा रहेको उनको भनाइ छ । ‘झट्ट हेर्दा केही नदेखिने तर एकछिन सोचेर हेर्दा देखिने पक्ष भएकाले यस्तो कथामा काम गर्ने रुचि भएकैले मैले यो फिल्म छानेको हुँ’, उनले भने- ‘कतिसम्म दुःखी र खुसी हुनेभन्दा पनि हामी काममा प्यासन छैन भन्छौं । तर, यो प्यासनले हेर्ने फिल्म हो यो ।’

यम शेर्पाको लेखन तथा निर्देशन रहेको फिल्म माघ १ गतेबाट प्रदर्शनमा आउँदैछ । यार्सा फिल्म्सको प्रस्तुति रहेको फिल्ममा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, साइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेल छन् ।

निमु शेर्पा, छोड्वा लामा शेर्पा र आङछिरिङ शेर्पा निर्माता रहेको ‘मिरमिरे’ मा सहनिर्मातामा गोविन्द बोहरा, सुदिप कुँवर छन् ।

# प्रतिनिधि सभा निर्वाचन हुन ५४ दिन बाँकी, माघ ३ देखि आचारसंहिता लागू

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ पुस**




निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई स्वच्छ मर्यादित बनाउने लक्ष्यका साथ आचारसंहिता लागू गर्ने अन्तिम तयारी गरेको छ । आयोगले आगामी माघ ३ गतेदेखि आचारसंहिता लागू गर्ने तयारी गरिएको जनाएको छ ।

आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको निर्वाचनको हालसम्म भएको प्रगतिका बारेमा प्रधानमन्त्री सुशीला कार्कीलाई जानकारी गराएको छ । निर्वाचनलाई स्वच्छ बनाउन सरकारी तथा गैरसरकारी निकायले के कस्ता गतिविधि गर्न पाउने, राजनीतिक दल तथा सरोकारवालाहरुको भूमिका के कस्तो रहने भन्ने बारेमा आचारसंहितामा प्रष्ट व्यवस्था गरिएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनका सन्दर्भमा हालसम्म भएको तयारी, निर्वाचन सामग्रीको छपाई, जनशक्ति व्यवस्थापनलगायतका बारेमा प्रधानमन्त्रीलाई शुक्रबार जानकारी गराएका थिए । आचारसंहितालाई कडाइका साथ पालना गराउन सरकार, सरोकारवाला निकायको प्रमुख भूमिका रहनुपर्ने आयोगको बुझाइ छ ।

# शेरबहादुर खड्का स्मृति महिला भलिबल : न्यु डायमन्ड अपराजित रहँदै च्याम्पियन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ पुस**



न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब अपराजित रहँदै केएनपी नेरोलेक नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा शनिबार च्याम्पियन बनेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शनिबार भएको फाइनलमा न्यु डायमन्डले डिफेन्डिङ च्याम्पियन नेपाल पुलिस क्लबलाई २५-२२, २५-१८, १५-२५, २७-२५ ले पराजित गर्दै उपाधि जितेको हो । न्यु डायमन्डकी प्रगति नाथ फाइनल खेलको ‘प्लेयर अफ द म्याच’ घोषित भइन् । न्यु डायमन्डले दोस्रोपटक यो प्रतियोगिताको उपाधि जितेको हो । यसअघि सातौं संस्करणमा पहिलोपटक न्यु डायमन्ड च्याम्पियन बनेको थियो । न्यु डायमण्डले उपाधि जित्ने क्रममा अपराजित यात्रा कायम राख्यो । चार टोली मात्र सहभागि प्रतियोगितामा न्यु डायमण्डले लिग चरणमा त्रिभुवन आर्मीलाई ३-०, एपीएफलाई ३-२ र पुलिसलाई ३-२ ले हराको थियो । एक साताको अवधिमा न्यु डायमन्डको राष्ट्रिय स्तरमा यो दोस्रो उपाधि हो । यसअघि न्यु डायमन्डले पुलिसलाई नै हराएर नवौं एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनसिप २०८२ को उपाधि जितेको थियो ।



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# वैकल्पिक राजनीतिको विभ्रम

-नेपालमा नयाँ राजनीतिक दलहरूको उदय भए पनि तिनीहरूमा स्पष्ट वैचारिक दृष्टिकोण, नीति र कार्यक्रमको अभाव छ । समानुपातिक समावेशीकरण र उत्पीडित समुदायको प्रतिनिधित्वमा नयाँ दलहरू समेत पुराना जस्तै प्रतिगामी देखिएका छन् । शक्ति आर्जन र सत्ता प्राप्तिमा केन्द्रित यी दलहरू वैकल्पिक राजनीतिक शक्ति बन्न असफल छन् । राजनीतिक दलहरू परिस्थिति र आवश्यकता उपज हुन् ।

देशको राजनीतिक परिस्थिति र जनताको अवस्थाले नयाँ राजनीतिक दलको माग गर्छ । युरोपमा औद्योगिक पुँजीवादको विकाससँगै श्रमजीवी वर्गमाथि पुँजीपतिबाट चरम शोषण हुन थाल्यो । त्यस्तो शोषणको विरुद्ध वा श्रमजीवी जनताको अधिकारका पक्षमा सन् १८४८ मा मार्क्स र लेनिनको पहलमा कम्युनिस्ट घोषणापत्र सार्वजनिक भयो । प्रतिस्पर्धात्मक पुँजीवादको विकाससँगै बलियो पुँजीपतिले कमजोर पुँजीपतिलाई समेत निमिट्यान्न पार्ने एकाधिकारवादी पुँजीवादी अभ्यास हुने परिवेश बन्यो । त्यस्तो व्यवस्थाविरुद्ध क्रान्तिकारी आन्दोलनका लागि रसियन कम्युनिस्ट दल (बोल्सेभिक) गठन भयो । चीनमाथिको जापानको एकाधिकारवादी प्रभुत्व, च्याङ-काई सेकको निरंकुशताविरुद्ध चीनमा माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट दल गठन भयो र त्यसले श्रमजीवी, मजदुर र किसानको पक्षमा जनवादी क्रान्तिको नेतृत्व गर्‍यो । ब्रिटिस उपनिवेशबाट स्वतन्त्रता प्राप्तिका लागि भारतमा भारतीय राष्ट्रिय कंग्रेसको गठन भयो ।

नेपालमा पनि निरंकुश र जनविरोधी राणा शासनको अन्त्य गरी लोकतन्त्र स्थापित गर्न विसं २००३ मा 'नेपाली राष्ट्रिय कांग्रेस' गठन भएको थियो । त्यस्तै, राष्ट्रिय स्वाधीनता, जनजीविका, गरिब, श्रमजीवी र उत्पीडित समुदायको मुक्तिको विचारसहित विसं २००६ मा 'नेपाल कम्युनिस्ट दल' गठन भएको थियो । यी दलले नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

भारतसँगको असमान सन्धिको खारेजी, राष्ट्रघाती सम्झौता रद्द गर्नुपर्नेजस्ता मुद्दाका साथै राजतन्त्रको अन्त्य, क्रान्तिकारी भूमिसुधार लागू गर्ने र गरिब, श्रमजीवी, किसान, मजदुर, महिला, दलित र उत्पीडित समुदायमाथिको मुक्तिको एजेन्डासहित तत्कालीन नेकपा (माओवादी) ले विसं २०५२ मा जनयुद्धको सुरुवात गर्‍यो । माओवादी जनयुद्धले राज्यको पुनःसंरचनामार्फत नेपाललाई संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा रूपान्तरित गर्न भूमिका खेल्यो । अर्थात् नेपालको राजनीतिक रूपान्तरणका लागि राजनीतिक दलको भूमिका निकै महत्त्वपूर्ण रहँदै आयो । तर स्थापित राजनीतिक दलले देश र जनताको हितमा काम गर्न



सकेनन् । जनतासँग गरेका वाचा र प्रतिबद्धतामाथि धोकाधडीमा रूपान्तरित भए । निर्वाचनमार्फत जनताबाट प्राप्त जनमत शक्ति हत्याउने कडी मात्रै बन्न पुग्यो । यतिसम्म कि नेपालको राजनीतिक व्यवस्था ३/४ जना नेताको तजबिजीमा सञ्चालित हुने परिस्थिति बन्यो । देश आर्थिक रूपमा तन्नम अवस्थामा पुग्यो । गरिब, श्रमजीवी वर्गले रेमिट्यान्स नपठाई देशको अर्थतन्त्र चल्न नसक्ने अवस्थामा पुग्यो । वैदेशिक ऋणले अर्थतन्त्र कंगालीकरणतिर ओरालो लागेको छ । गरिब झन्-झन् गरिबीको खाडलमा भासिँदै छन् भने राष्ट्रिय अर्थतन्त्रमाथि निश्चित कुलीन र सम्भ्रान्तको कब्जामा पुगेको छ ।

तर, कुनै दल र नेतृत्वले गम्भीर आर्थिक संकट हल गर्ने जिम्मेवारी बहस गर्दैनन् । निकै ठूलो बलिदानीपछि देशमा संघीयता प्रणाली स्थापना भएको छ । तर, संघीयतालाई बलियो र प्रभावकारी बनाउने विचार, दृष्टिकोण र योजना कुनै दलसँग छैन । देशमा भ्रष्टाचारको चरम बेथिति छ । देश विकासको जिम्मा लिएका राजनीतिक नेता, कर्मचारी, सेना, प्रहरी, अदालत भ्रष्टाचारमा लिप्त छन् । जनता प्रत्येक पाइलामा कुशासन, बेथिति र अराजकताको मार खेप्न बाध्य छन् । तर, यस्ता संकट हल गर्न कुनै दलले योजनाबद्ध पहल गर्न सकेनन् । दलकै नेता/कार्यकर्ता संलग्न भ्रष्टाचारको बचाउमा राजनीतिक दल र तिनको नेतृत्व लागेका कैयौं उदाहरणका साक्षी नेपाली जनता बन्नुपर्ने परिस्थितिको उपज जनताले वैकल्पिक राजनीतिक शक्तिको खोजी गरेका हुन् । मेयरका रूपमा बालेन साह, हर्क साम्पाङ, गोपी हमाललाई जनताले साथ होस् वा राष्ट्रिय स्वतन्त्र दललाई जनताले गरेको समर्थन यसैको परिणाम हो । तथापि, यसरी निर्वाचित मेयर वा रास्वपाले राष्ट्रिय संकटको हल गर्न, जनताको जीविकाको सम्बोधन गर्न र उत्पीडित समुदायमाथिको विभेद र बहिष्करण हल गर्न के गरे त भन्ने विषयको गम्भीर समीक्षा हुनुपर्छ । वैचारिक यथास्थितिवादः नेपाली राजनीतिमा नयाँ व्यक्तिको उदय वा नयाँ दललाई वैकल्पिक राजनीतिका रूपमा व्याख्या भइरहेको छ ।

साभार : कान्तिपुर ।


## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क व्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढ्ने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढ्ने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ.
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिंडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ बिशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश








"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
मिथिला बिहारी नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday